# तिउरीको फूल, पायरियाको गन्ध कथामा सीमान्तीयता

**उमादेवी गुरागाई**

**उप-प्राध्यापक, सुकुना बहुमुखी क्याम्पस**

**Email :guragainsita2014@gmail.com**

## लेखसार

*प्रस्तुत आलेख पारिजातद्वारा लेखिएको तिउरीको फूल, पायरियाको गन्ध कथाको सीमान्तीयता अध्ययनसँग सम्बद्ध छ । सांस्कृतिक अध्ययनभित्रको एउटा नवीन सैद्धान्तिक अवधारणा सीमान्तीयता हो । यसलाई अङ्ग्रेजी भाषा साहित्यमा 'सबाल्टर्न' भनिन्छ । इटालेली चिन्तक अन्तोनियो ग्राम्चीद्वारा सर्वप्रथम प्रयोग गरिएको सबाल्टर्न शब्दले सदियौँदेखि शासित, आवाजविहीन तथा इतिहासविहीन वर्गलाई जनाउँछ । हरेक समाजको शासक तथा शक्ति केन्द्रहरूबाट शोषित, दमित र निमुखा बोल्न सक्दैनन्, तिनीहरूको आवाज सुन्ने र त्यस वर्गलाई केन्द्रमा राखेर साहित्यको विश्लेषण गर्ने सैद्धान्तिक अवधारणा सबाल्टर्न अध्ययन हो । यहाँ यसै मान्यताका आधारमा रही कथाभित्र रहेको लैङ्गिक तथा वर्गीय सीमान्तीकृत समुदायप्रति प्रभुत्वशाली वर्गको दृष्टिकोण र व्यवहारको अध्ययन गर्नुका साथै उनीहरूको आवाज कसरी अभिव्यक्त भएको छ भन्ने कुराको विश्लेषण गरिएको छ । यसका लागि सबाल्टर्न अध्ययन सम्प्रदायका सीमान्तीयता सम्बन्धी मान्यतालाई कृतिविश्लेषणको आधार बनाइएको छ । विशेषगरी तिउरीको फूल, पायरियाको गन्ध कथामा घरबारविहीन बनाइएर बेवारिसे रूपमा बाटामा फालिएकी कथाकी प्रमुख नारी पात्र लाटी मात्र होइन, घरभित्रका नारीहरू पनि पुरुषको भोगविलासको साधन बन्न बाध्य भएका छन् । सुरक्षाका लागि खटिएका पुलिस प्रशासनबाटै लाटी बलात्कृत हुनुले राज्यबाट नै महिला असुरक्षित भएका तथ्य प्राप्त भएका छन् । कथामा नारीले लैङ्गिक तथा वर्गीय रूपमा सामाजिक न्याय प्राप्त गर्न नसकेकाले सीमान्तीकृत हुनुपरिरहेको छ । यसको मुख्य कारणमा पितृसत्ताको प्रभाव र समाजमा भएको लैङ्गिक विभेदपूर्ण सोच मुख्य जिम्मेवार रहेको ठहऱ्याउदै त्यसको निराकरण हुनुपर्ने आशय कथाकारको रहेको निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ ।*

*शब्दकुञ्जी : उत्पीडन, प्रभुत्वशाली, लैङ्गिक, वर्गीय, सीमान्तीकृत ।*

## विषयपरिचय

पारिजात (१९९०-२०५०) समाजमा विद्यमान सामाजिक तथा आर्थिक विभेदप्रति विद्रोह गर्ने कथाकार हुन् । साहित्यका कविता, कथा, उपन्यास, आत्मसंस्मरण जस्ता विविध विधामा उनको महत्वपूर्ण योगदान रहेको पाइन्छ । 'मैले नजन्माएको छोरो' (२०२१) कथाबाट कथायात्रा सुरु गर्ने पारिजातका आदिम देश (२०२५), सडक र प्रतिभा (२०३२), साल्गीको बलात्कृत आँसु (२०४३) र बधशाला जाँदा आउँदा (२०४९) गरी जम्मा चारवटा कथासङ्ग्रह प्रकाशित छन् । प्रस्तुत 'तिउरीको फूल, पायरियाको गन्ध' शीर्षकको कथा आदिम देश कथासङ्ग्रहमा सङ्गृहीत छ । समाजमा भएका गरिबी, शोषण, अन्याय, अत्याचार, दमन तथा हिंसाको सन्दर्भलाई कथामा मुख्य सन्दर्भ बनाएर प्रस्तुत गर्ने पारिजात प्रगतिवादी वैचारिकतातर्फ उन्मुख कथाकार हुन् । प्रस्तुत कथामा बेवारिसे

बनाइएर सडकमा फालिएकी प्रमुख नारी पात्र लाटीको जीवनकथालाई कथ्य बनाएर तत्कालीन समाजमा रहेको सामाजिक विभेदको चित्रण गरिएको छ । कथामा विभेदकारी सामाजिक संरचनाका कारण लैङ्गिक तथा वर्गीय रूपमा सीमान्तीकृत हुन पुगेको वर्ग वा समुदाय र त्यसका विरुद्ध उनीहरूले प्रत्यक्ष र परोक्ष रूपमा उठाएको प्रतिरोध चेतनालाई मुख्य विषयका रूपमा प्रस्तुत गरिएको पाइन्छ । यसले तत्कालीन विमर्शात्मक संरचनाको सामाजिक शासन व्यवस्थाका कारण सिर्जित विभिन्न लिङ्गीय तथा वर्गीय असमानतालाई समेटेको हुँदा प्रस्तुत कथा सीमान्तीयता अध्ययनका दृष्टिले महत्वपूर्ण देखिन्छ । यहाँ पुरुषहरूले महिलालाई केवल यौनतृप्तिको साधन ठान्ने र उनीहरूमाथि अमानवीय व्यवहार गर्न पछि नपर्ने परिस्थितिको उल्लेख गरेर प्रभुत्वशाली वर्गले जवर्जस्ती अधीनस्थ वर्गमाथि आफ्नो वर्चस्व कायम गरी सीमान्तीकृत बन्न बाध्य गराइएको तथ्य प्रस्तुत गरिएको छ । लिङ्ग, वर्ग, जाति, धर्म आदि विभिन्न आधारमा समाजको मूलधारभन्दा बाहिर पारिएका, उत्पीडनमा परेका तथा अधिकारबाट बञ्चित गरिएका मानिसको समुदाय नै सीमान्तीकृत हुन् र यिनै सीमान्तीकृत समुदायको अध्ययन गर्ने सिद्धान्तलाई सीमान्तीयता भनिन्छ । सबाल्टर्न(सीमान्तीयता)सम्बन्धी सैद्धान्तिक मान्यतालाई सर्वप्रथम प्रयो ग गर्ने विद्वान् इटालेली चिन्तक अन्तोनियो ग्राम्ची हुन् । उनले सदियौँदेखि शोषित पीडित तथा आवाजविहीन वर्गलाई बुझाउन सबाल्टर्न शब्द प्रयोग गरेका हुन् । यस कथामा नेपाली समाजमा सीमान्तीकृत समुदायका रूपमा रहेका महिला, अपाङ्ग तथा निम्न वर्गको समस्यालाई प्रखर रूपमा उठाइएको हुनाले सीमान्तीयताका दृष्टिकोणबाट पनि यो कथा अध्ययनीय देखिन्छ तर अहिलेसम्म यस कोणबाट प्रस्तुत कथाको अध्ययन हुन नसकेकाले यही अभाव र विषयको अध्ययनीयतालाई दृष्टिगत गरी यस लेखमा तिउरीको फूल, पायरियाको गन्ध कथालाई विवेच्य सामग्री बनाई सीमान्तीयताका कोणबाट विश्लेषण गरिएको छ ।

तिउरीको फूल, पायरियाको गन्ध कथालाई सीमान्तीयता सम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गर्नु नै प्रस्तुत अध्ययनको मुख्य समाधेय समस्या हो । यसमा तिउरीको फूल, पायरियाको गन्ध कथामा वर्गीय सीमान्तीयताको अवस्था के-कस्तो रहेको छ र लैङ्गिक सीमान्तीयताको अवस्था के-कस्तो रहेको छ ? भन्ने समस्यालाई आधार बनाइ त्यसको समाधान खोज्नु नै यस अध्ययनको उद्देश्य हो । सीमान्तीयताको मान्यतालाई कथा विश्लेषणका लागि उपयोग गरिएको हुँदा यसको प्राज्ञिक महत्त्व पनि रहेको छ ।

## अध्ययनको विधि

## सामग्री सङ्कलन विधि

प्रस्तुत लेखमा पारिजातद्वारा लेखिएको तिउरीको फूल, पायरियाको गन्ध कथाको सीमान्तीयताका आधारमा विश्लेषण गरिएको छ । यहाँ पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरेर तिउरीको फूल, पायरियाको गन्ध कथालाई प्राथमिक सामग्रीको रूपमा उपयोग गरिएको छ । कथा विश्लेषणको अवधारणा निर्माणका लागि सीमान्तीयतासँग सम्बन्धित सैद्धान्तिक मान्यता र लेखहरूको उपयोग गरिएको छ । कथाका बारेमा विभिन्न विद्वान्, विज्ञ तथा शोधार्थीहरूबाट गरिएका अनुसन्धानमूलक लेख रचना तथा स्वतन्त्र अध्ययनलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यो साहित्यिक लेख भएकाले यसमा गुणात्मक शोधढाँचाको प्रयोग गरिएको छ । त्यसमा पनि मुख्यतः पाठविश्लेषण विधिको उपयोग गरिएको छ । तिउरीको फूल, पायरियाको गन्ध

कथाको सूक्ष्म पठन गरेर यसमा सीमान्तीयताका सूचकको पहिचान गर्दै कथाको विश्लेषण गरिएको छ ।

## सामग्री विश्लेषणको सैद्धान्तिक आधार तथा विश्लेषण ढाँचा

सांस्कृतिक अध्ययनभित्रको एउटा नवीन सैद्धान्तिक अवधारणा सीमान्तीयता हो । यसलाई अङ्ग्रेजी भाषा साहित्यमा 'सबाल्टर्न' भनिन्छ । इटालेली चिन्तक अन्तोनियो ग्राम्चीद्वारा सर्वप्रथम प्रयोग गरिएको 'सबाल्टर्न' शब्दले सदियौँदेखि शासित, आवाजविहीन तथा इतिहासविहीन वर्गलाई जनाउँछ । आफू जेलमा रहँदा लेखिएको डायरी दि प्रिजन नोटबुक्समा ग्राम्चीले उत्पीडित तर वर्गीय रूपमा सचेत र सङ्गठित नभएका तथा आवाजविहीनहरूका लागि 'सबाल्टर्न' शब्द प्रयोग गरेका छन् र उनले 'सिभिल सोसाइटी', 'हिस्ट्री अफ स्टेट' तथा 'ग्रुफ अफ स्टेट' जस्ता पदावलीमार्फत सबाल्टर्नहरूको मुक्तिको कुरा उठाएका छन् (ग्राम्ची, सन् १९७१, पृ. २०२) । 'सबाल्टर्न' शब्दले हरेक दृष्टिले समाजमा हेपिएका, तल्लो दर्जाका व्यक्ति, समूह वा समुदायलाई जनाउँछ । सीमान्तीयताको अर्थ निर्धा, निमुखा, दबिएका, हेपिएका र ओझेल परेकाहरू भन्ने हुन्छ । ब्रिटिस सेनामा क्याप्टेनभन्दा तलको पदलाई सबाल्टर्न भन्ने गरिन्छ । मार्क्सले यो अर्थ र सन्दर्भमा प्रयोग हुने उत्पीडित पदावली प्रयोग गरेका छन् । इटालेली भाषामा यसलाई 'सबाल्टर्नो' भन्ने गरिएको छ (बराल, २०७३, पृ. १७२) । इतिहास लेखन प्रक्रियामा नवीन तरिका र विश्लेषणको प्रभावकारी आधार निर्माण गर्ने प्रयासका रूपमा सीमान्तीयता अध्ययन आरम्भ भएको हो । यसले मुख्यतः कृषक, दमित, शासित, सर्वहारा अनि श्रमिक वर्गको जीवनव्यथालाई अघि सारेको देखिन्छ (लामा, २०१७, पृ. १११) । इतिहास निर्माणमा महत्वपूण भूमिका रहेका सबाल्टर्नहरूको इतिहासमा कुनै स्थान नभएकाले तिनलाई केन्द्रमा राखेर इतिहास लेखिनुपर्छ भन्ने सीमान्तीयता अध्ययन समूहको मुख्य उद्देश्य रहेको छ ।

युगौँदेखि इतिहासका पानाबाट बाहिर फ्याँकिएका सबाल्टर्न वर्गको आफ्नै इतिहास लेखन गर्ने उद्देश्यले सन् १९८२ देखि दक्षिण एसियामा 'सबाल्टर्न अध्ययन' अभियानको रूपमा सञ्चालनमा आएको देखिन्छ । सबाल्टर्न वर्ग समाजको सबैभन्दा तल रहेको हुन्छ तर उत्पादनको क्षेत्रमा महत्वपूण भूमिका भए पनि उपभोगका अवस्थामा भने उसको महत्व किनारामा पुगिसकेको हुन्छ । यसरी इतिहासका सबै कालखण्डमा एउटा केन्द्रले अनेकन ढङ्गले निर्माण गरेको किनाराको वर्ग नै संसारभर सीमान्तीकृत वर्गका नामले परिचित छ । ग्राम्चीबाट लिइएको सबाल्टर्न शब्दलाई निम्न, उपेक्षित र किनारीकृत वर्गको सम्बोधक शब्दका रूपमा लिने प्रचलन छ । मानिसहरू सबाल्टर्न अध्ययनलाई गरिब र सर्वहारा अनि समाजका पिछडिएका र सीमान्तीकृत मानिसहरूको पर्यायका रूपमा लिन्छन् (सुवेदी, २०६८, पृ. ह्क्ष्ह) । यसरी दलित, जनजाति, आर्थिक, लैङ्गिक, सामाजिक, सांस्कृतिक रूपमा उपेक्षित वा किनारीकृत सबैको पयार्यका रूपमा सबाल्टर्न (सीमान्तीयता) अध्ययन स्थापित हुँदै आएको छ ।

सबाल्टर्न वर्ग भनेको आर्थिक रूपमा कमजोर वर्ग मात्र होइन, जीवनका अनेक कोणहरूबाट यस वर्गको पहिचान गर्न सकिन्छ । गायत्री स्पिभाकका अनुसार सबाल्टर्नहरू बोल्न सक्दैनन् । आवाजविहीनहरू नै वास्तवमा सबाल्टर्न हुन् । बोलिहाले पनि उनीहरूको आवाजलाई सुनिदैन र दबाउने प्रयास गरिन्छ । उनका दृष्टिमा नारीहरू नै वास्तविक सबाल्टर्न हुन् । पितृसत्तात्मक समाजमा सबै पक्षबाट उपेक्षित र पाखा पारिएका भनेको महिलाहरू नै हुन् । पुरुषहरूले परिवार अनि समाजमा आफैलाई प्रमुखता प्रदान गरेपछि नै लैङ्गिक किनारीकरण प्रारम्भ भएको हो र यसको इतिहास सायद मानवसभ्यता जतिकै पुरानो छ (सुब्बा, सन् २०११,

पृ. १२) । निम्न जात र निम्न वर्गमा मात्र होइन, उच्चजात र उच्चवर्गमा पनि नारीहरू सबाल्टर्न भएका छन् । पुरुषले घर, समाज र राष्ट्रमा समेत आफूलाई प्रमुखका रूपमा उभ्याएपछि नारीहरू सबाल्टर्न भएका देखिन्छन् । एउटै घर परिवारको सदस्य, छोरी आमा, श्रीमती आदि भएर पनि नारी सदियौँदेखि सबाल्टर्न बनाइएका छन् ।

सबाल्टर्नहरू आफै बोल्न सक्छन् कि सक्दैनन् भन्ने विषयमा विद्वान्हरूको एउटै मत पाइँदैन । सामान्यतः सबाल्टर्न भन्नाले बोल्न नसक्नेहरूलाई नै जनाउँछ । बोल्न नसक्ने भएकाले उनीहरूको आवाज अरू कसैले बोलिदिनुपर्छ वा तिनीहरूको प्रतिनिधित्व अरू कसैले गरिदिनुपर्छ तर मिसेल फुकोका अनुसार हरेक व्यक्तिले आफ्नो प्रतिनिधित्व आफै गर्न सक्छ । उनी भन्छन् 'निमुखा (सबाल्टर्न) वर्गको प्रतिनिधित्व गर्न खोज्ने हाम्रो प्रयासले ती दलित व्यक्ति/समुहहरूप्रति साङ्केतिक वा सांस्कृतिक हिंसा मात्र गर्न सक्छु (उप्रेती, २०६८, पृ. २८२) । यस विषयमा फुकोको भन्दा स्पिभाकको मत फरक रहेको देखिन्छ । उनका दृष्टिमा सबाल्टर्नले बोल्न सक्छन् भने ती सबाल्टर्न नै रहँदैनन् (चापागाईं, २०७३, पृ. ७४) । बोल्न नसक्ने भएकाले बौद्धिक वर्गले उनीहरूका लागि बोलिदिनुपर्छ । जेजस्तो भए पनि बौद्धिक वर्गले सबाल्टर्न समूहको प्रतिनिधित्व गर्न छोड्नु हुँदैन भन्ने धारणा स्पिभाकको देखिन्छ । समाजमा सबाल्टर्न बोल्न सक्दैनन् यदि बोलिहाले भने पनि शक्तिशाली वर्गले उनीहरूको आवाजलाई अर्थहीन हल्लाका रूपमा मात्र लिन्छन् । समाजका मूलधारका शैक्षिक संस्था र सञ्चारमाध्यमको भाषा र अभिव्यक्तिको ढाँचासँग अनभिज्ञ सबाल्टर्नहरूको आवाज समाजको मूलधारसम्म पुग्न सक्दैन । आफ्नो बारेमा बोल्न नसक्ने सबाल्टर्नहरूले आफ्नो प्रतिनिधित्व आफैँ गर्न सक्दैनन् (शर्मा, २०७०, पृ. ३१८) । साहित्यिक कृतिमा लेखकले सबाल्टर्नको प्रतिनिधित्व गराउँदै तिनको आवाज समेत व्यक्त गरेको हुनसक्छ ।

सीमान्तीय अध्ययनले लिङ्ग, वर्ग, जाति, धर्म, भूगोल आदिका आधारमा सीमान्तीकृत समुदायको प्रतिनिधित्व कसरी भएको छ भन्ने आधारमा कृतिको अध्ययन गर्दछ । समाजका प्रभुत्वशाली वर्गले सीमान्तीकृत वर्गलाई कस्तो व्यवहार गर्छन्, सबाल्टर्न वर्गले आफ्नो अवस्थालाई कसरी लिन्छन् तथा उनीहरूमा प्रतिरोध चेतना विकसित भएको छ कि छैन भन्ने आधारमा कृतिको विश्लेषण गरिन्छ । प्रस्तुत लेखमा पारिजातद्वारा लिखित तिउरीको फूल, पायरियाको गन्ध कथामा सीमान्तीयताको अवस्था के-कस्तो रहेको ? भन्ने मुख्य समस्यामा केन्द्रित भई वर्गीय र लैङ्गिक सीमान्तीयताका मान्यतालाई सामग्री विश्लेषणको मुख्य आधार बनाइएको छ । विश्लेषणका सन्दर्भमा छनोट गरिएका सामग्री विश्लेषणको ढाँचा निम्नानुसार रहेको छ :

## तिउरीको फूल, पायरियाको गन्ध कथामा वर्गीय तथा लैङ्गिक सीमान्तीयता

पारिजातको पहिलो कथासङ्ग्रह आदिम देश (२०२५) मा सङ्गृहीत 'तिउरीको फूल, पायरियाको गन्ध' कथा काठमाडौँलाई परिवेश बनाएर लेखिएको सवाल्टर्नमैत्री कथा हो । यसमा शारीरिक रूपमा अपाङ्गता भएकी बेसहारा लाटीले भोग्नुपरेको पीडा, वेदना र बाध्यतालाई मुख्य विषयवस्तु बनाइएको छ । घरपरिबारविहीन ऊ कहिले मन्दिरको पेटीमा, कहिले बार पसलको छाप्रोमा त कहिले टोलभरिका घरबाहिर अँध्यारोमा बस्न विवश देखिन्छे । उसलाई राती मात्र होइन, दिउँसै पनि पुलिस, रिक्सावाल तथा टुरिष्ट गाइडजस्ता पुरुषहरूले यौनशोषण गरेको प्रसङ्ग कथामा उल्लेख भएको छ । पुरुषप्रधान सामाजिक संरचना र त्यसले स्थापित गरेका मुल्यमान्यताभित्र नारी वर्ग अनेक कोणबाट सीमान्तीकृत हुँदै आएका सन्दर्भहरू यस कथाकी लाटी पात्रको माध्यमबाट अभिव्यक्त गरिएको छ ।

प्रस्तुत कथा राज्य सत्ताबाट पछाडि पारिएका नारी जातिको कथा भएकाले यसमा सबाल्टर्न वर्गको प्रतिनिधित्व भएको प्रस्ट देखिन्छ। त्यसैले सबाल्टर्न अध्ययनका आधारभूत सैद्धान्तिक अवधारणाका आधारमा यस कथामा प्रयुक्त वर्गीय र लैङ्गिक सबाल्टर्न वर्गको अध्ययन र विश्लेषण साथै उनीहरूको अवस्थाको समेत अध्ययन गरिएको छ।

## वर्गीय सीमान्तीयता

नेपाली समाज विभिन्न वर्गमा विभाजित देखिन्छ। उच्च वर्ग, मध्यम वर्ग र निम्न वर्गमा विभाजित समाजमा उच्च वर्गको आर्थिक पहुँच मध्यम वर्ग तथा निम्न वर्गको तुलनामा उच्च रहेकाले समाजमा आर्थिक वितरणको अवस्था समान देखिँदैन। आर्थिक रूपमा विपन्न मानिसहरू समाजमा सीमान्तीकृत बन्न पुगेका छन्। सम्पन्न वर्गका मानिसले सत्ता, शक्ति र सम्पत्तिमा वर्चस्व कायम गरेर निम्न वर्गका मानिसलाई राज्यका आधारभूत आवश्यकताबाट वञ्चित गरी सधैँ सीमान्तीकृत बनाउँछन् र उनीहरूलाई आफ्नो अनुकूल प्रयोग गरिरहन्छन्। प्रभुत्वशाली वर्गको शोषण, षड्यन्त्र अनि श्रमशोषणमा परेर वर्गीय दृष्टिले सीमान्तीकृत समुदायका मानिसहरू दयनीय जीवन बाँच्न विवश हुन्छन्। उनीहरू आफ्नो अवस्था कमजोर हुनुको पछाडि को जिम्मेवार छ भन्ने कुरा थाहा पाउन सक्दैनन् । तिउरीको फूल, पायरियाको गन्ध कथामा पारिजातले वर्गीय दृष्टिले सीमान्तीकृत बन्न पुगेका मानिसहरूले भोग्नुपरेको सकसपूर्ण जीवनको चित्रण गरेकी छन्। गरिबीकै कारण समाजमा उनीहरूले प्रभुत्वशाली वर्गद्वारा शोषित र उत्पीडित हुनुपरेको यथार्थ कथामा प्रस्तुत भएको छ। कथाकी नायिका लाटी गाँस, बास र कपास सबै कुराबाट बन्चित भएकी छ। ऊ पेट भर्नका लागि साहुकहाँ भाँडा माज्न जान्छे भने आश्रयस्थल नभएर कहिले मन्दिरको पेटीमा, कहिले बार पसलमा त कहिले टोलभरि अँध्यारोमा बाहिर बसेर रात कटाउन बाध्य भएकी छ। उसको आर्थिक अवस्था कमजोर भएको कुरा कथामा यसरी वर्णन गरिएको छ : मन्दिरको खुडकिलोमा नदेखे राती बार-पसलको छाप्रोमा नत्र कतै यही टोलभरि घरबाहिरको अँध्यारोमा ऊ हुन्छे (पृ. ३२)। लाटीको जीवन गरिबीले कष्टकर बनेको देखिन्छ। उसलाई कसैले पनि आश्रय नदिएर विभिन्न ठाउँमा भौतारिदै हिँडेकी छ। परिवार र घर नभएकी उसले सडकलाई नै बासस्थान बनाउन विवश भएको कुरा 'कहिलेकाहीँ बाटामा आएर सुतिदिन्छे रे लाटी (पृ. २७) !' भन्ने अभिव्यक्तिबाट प्रस्ट भएको छ। यसरी बेवारिसे रूपमा सडकमा फालिएकी ऊ वर्गीय दृष्टिले सीमान्तीकृत पात्र हो। कथामा उसले विपन्न वर्गको प्रतिनिधित्व गरेकी छ। प्रभुत्वाली सामन्ती समाजमा आर्थिक वितरणको अवस्था समान नएकाले नै लाटीजस्ता आर्थिक रूपले विपन्न वर्गका मानिसहरू समाजमा सीमान्तीकृत बन्न पुगेका छन् भन्ने यथार्थलाई कथाले प्रस्तुत गरेको छ। उच्च वर्गले सत्ता, शक्ति र सम्पत्तिमा प्रभुत्व जमाएर निम्न वर्गलाई सधैँ सीमान्तीकृत बनाउँछन्, राज्यका आधारभूत अधिकारबाट वञ्चित गराउँछन् र उनीहरूलाई आफ्नो अनुकूल प्रयोग गर्छन्। तिउरीको फूल, पायरियाको गन्ध कथामा पारिजातले समाजमा आर्थिक वितरणको अवस्था समान नभएकाले एउटा वर्ग सीमान्तीकृत बन्न बाध्य भएको अवस्थालाई प्रस्तुत गरेकी छन्। लाटी पनि वर्गीय दृष्टिले सबाल्टर्न पात्र हो। ऊ बेवारिसे रूपमा सडकमा भौतारिँदै हिँडेकी छ। न गाँसको न बासको टुङ्गो भएकी उसलाई वर्गीय सीमान्तीकृत वर्गको प्रतिनिधि पात्रका रूपमा उभ्याइएको छ।

यसमा वर्गीय दृष्टिले सीमान्तीकृत बन्न पुगेकी लाटी पात्रले भोग्नुपरेको सकसपूर्ण जीवनको चित्रण गरिएको छ। घरबारविहीन नारीको करुण कथा सुनाइएको छ। परिवार र घर नभएर सडकलाई नै आश्रयस्थल बनाउन विवश लाटीलाई पुलिसले कुटेर पीडित बनाएको देखिन्छ। ऊ त्यसको प्रतिकार गर्न नसकेर क्वाँक्वाँ रोहेकी छ। उसको रोदनले पुलिसलाई पगालेको छैन। वर्ग विभेदको चिन्तन स्थापित भएको समाजमा निम्नवर्गीय पात्र दमित अवस्थामा रहन्छन्। आर्थिक आधारमा गरिने विभेदले मानवतालाई समेत बिर्सिएर समाजमा अपहेलित भई विवशतापूर्ण जीवन बाँच्न लाचार बन्नुपर्ने र प्रभुत्वशाली वर्गको अपहेलना र दमन सहन बाध्य हुनुपर्ने परिस्थितिलाई यस साक्ष्यले स्पष्ट गर्दछ : "ऊ टड्कारै आँखा खोलेर फेरि भन्छे, 'किन रोएकी ? बिचरी, पुलिसले हिर्कायो होला !' (पृ. २७)

निम्न वर्गका व्यक्तिमाथि आफ्नो अधिकार जमाएर शक्ति प्रदर्शन गर्ने प्रभुत्वशाली वर्ग निम्न वर्गलाई दमन गरेर नै शक्तिशाली बन्ने मानसिकता राख्छन्, जसको प्रतिनिधित्व यस कथामा पुलिसले गरेको छ भने आर्थिक आधारमा गरिने विभेदले समाजमा निम्न वर्गका व्यक्तिहरू प्रभुत्वशाली वर्गको दमन र अपहेलना सहन बाध्य हुनुपर्छ, जसको प्रतिनिधित्व यहाँ लाटीले गरेकी छ भन्ने कुरा माथिको साक्ष्यबाट स्पष्ट भएको छ। वर्गका आधारमा समाज उच्च वर्ग र निम्न वर्गमा विभाजित भएको छ। जहिले पनि उच्च वर्गले निम्न वर्गमाथि दमन गरिरहेको हुन्छ, उनीहरूको समस्या कहिले पनि बुझ्ने प्रयत्न गर्दैनन्। प्रस्तुत कथामा पनि गाँस, बासको ठेगान नभएर सडकमा आश्रयस्थल बनाउन विवश लाटीको बाध्यता नबुझेको पुलिसले उसलाई शारीरिक यातना दिएको छ। देश र जनताको सुरक्षामा खटिएको सुरक्षा गार्डबाट नै ऊ असुरक्षित हुन पुगेकी छ। यसरी शासनसत्ताबाट नै निर्धा, निमुखा, निम्न वर्ग उपेक्षित भएर सीमान्तीकृत बनाइएका हुन्छन् भन्ने कुरा उल्लिखित कथांशले प्रमाणित गरेको छ।

वर्गीय समाजमा सीमान्तीकृत वर्गका सुखभोगको चाहना सपनामा मात्र सीमित रहन्छ। यस कथामा लाटीले बाँचेको जीवन बाध्यताको जीवन हो। समाजद्वारा निर्मित परिस्थितिको उपज हो। कसैको पनि दुःख पाउने चाहना हुँदैन तर समाजले बनाएका संरचनागत विभेदका कारण निम्न वर्ग दमित भएर बाँच्न विवश हुनुपर्छ। यस कथामा लाटी पनि त्यस्तो परिस्थितिबाट विमुख हुन पाएकी छैन। यस सन्दर्भमा निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु उपयुक्त देखिन्छ : 'तिमी कस्ती लाटी, हामी चार दिवारीभित्र, सधैँ गुटमुटिएर सुत्छौँ तर बाहिर पानी परिरहेछ।' (पृ. २८)

घरबारविहीन लाटीको कुनै ओत लाग्ने ठाउँ नभएकाले पानी परिरहेको अवस्थामा पनि बाहिर चिसोमा कठङ्ग्रिएर बस्न विवश भएको सन्दर्भलाई कथाले प्रस्तुत गरेको छ। एउटी अबला नारी अर्धचेतन अवस्थामा बाहिर पानीमा भिझिरहेको समयमा पनि उसलाई न समाजले उद्धार गरेको छ न सरकारले नै गरेको हुन्छ। रिक्सावालदेखि पुलिस प्रशासनसमेतले उसको गरिबीको फाइदा उठाएर उसलाई दुःख दिइरएका छन्। घरभित्र बस्दा त मानिसले अनेक कठिनाइ झेल्नुपर्छ तर एउटी अर्धचेतन अवस्थाकी लाटीले सडकसडक भौतारिएर हिँड्नुपर्दा कति दुःख भोग्नुपरेको छ भन्ने कुरालाई 'मेरो पनि घर भए मान्छेहरूले रातभरि दुःख दिने थिएनन् (पृ. ३४) भन्ने उसको अभिव्यक्तिबाट प्रस्ट भएको छ। उसको कठिनपूर्ण जीवनभोगाइ अनि बाध्य भएर जीउँनुपरेको अवस्थाले कथामा सदियौँदेखि वर्गीय असमानतालाई चुपचाप सहन बाध्य बनाइएका वर्गीय सीमान्तीकृतको प्रतिनिधित्व भएको छ। सीमान्तीकृतहरू आवाजविहीन हुन्छन् भन्ने विचार लाटीले आफूमाथि भएको अत्याचारको विरुद्धमा प्रतिकार गर्न नसकेको घटनाबाट स्पष्ट हुन्छ। निम्न आर्थिक अवस्था भएका सबाल्टर्नले प्रभुत्वशाली वर्गबाट कसरी घृणित तथा अपमानित भएर सीमान्तीकृत हुनु परिरहेको छ, त्यस तथ्यलाई कथाले जीवन्त रूपमा प्रस्तुत गरेको छ।

## लैङ्गिक सीमान्तीयता

सबाल्टर्न वर्ग पहिचानको अर्को आधार लैङ्गिकता पनि हो । प्रस्तुत कथामा लाटीले लैङ्गिक दृष्टिबाट सीमान्त समुदायको प्रतिनिधित्व गरेकी छे । पितृसत्तात्मक सामन्ती समाजमा पुरुषले महिलालाई महिला भएकै कारण उसमाथि शारीरिक, मानसिक तथा यौनिक हिंसा गरी शोषण गरेको देख्न सकिन्छ । प्रस्तुत कथामा पनि प्रभुत्वशाली वर्गका प्रतिनिधि पुलिस, टुरिस्ट गाइड, रिक्सावालादेखि अड्डामा काम गर्ने पुरुष कर्मचारीले समेत कथाकी प्रमुख नारी पात्र लाटीलाई यौनतृप्तिको साधन बनाएका छन् । आफन्तविहीन सडकमा फालिएकी लाटीको ओत लाग्ने घर पनि छैन, माया गर्ने परिवार पनि छैनन् । ऊ त्यसै भौतारिँदै कहिले मन्दिरको बलेसीमा त कहिले बार पसलको छाप्रोमा रात बिताउन बाध्य भएकी छ । उसको यही अवस्थाको फाइदा उठाएर यौनपिपासु पुरुषहरूले राती मात्र होइन, दिउँसै पनि उसको अस्मिता लुटेर उसलाई पीडित बनाएका छन् । यस प्रसङ्गलाई प्रस्ट पार्न निम्नलिखित सन्दर्भलाई प्रस्तुत गर्नु उपयुक्त देखिन्छ : उसका तर्सेका आँखाहरूमा याचना छन् र भनिरहेकी छ, मोडनिरको रिक्सावाल र पुलिसले उसलाई दिउँसै पनि दुः ख दिन्छन् । (पृ. ३०)

समाजमा महिलाहरू कुनै पनि ठाउँमा कुनै पनि वेला असुरक्षित भएको तथ्य प्रस्तुत गरेर पारिजातले नारीको अवस्था र हैसियतलाई प्रस्ट पारिदिएकी छन् । काठमाडौँ जस्तो सुविधा सम्पन्न ठाउँमा एउटी असाय नारी सार्वजनिक स्थलमै दिउँसै बलात्कृत हुँदा समेत पनि उसको सुरक्षाका लागि कसैले आवाज उठाएको छैन । उसको पीडालाई कसैले महसुस गरेको छैन । यसबाट पनि थाहा हुन्छ, समाजमा महिलाको अवस्था कति निरीह छ भनेर । देश र जनताका सुरक्षामा खटिएको एउटा सुरक्षाकर्मीद्वारा नै लाटी बलात्कृत हुनु भनेको पितृसत्ताका आडमा नारीमाथि गरिएको लैङ्गिक हिंसाको दरिलो प्रमाण हो । पुलिस र रिक्सावालले पुरुषसत्तात्मक वैचारिक सोचले गर्दा नै आफूलाई मन लागि गर्न पाउने शासक वर्गमा स्थापित गरेका छन् र लाटीलाई निरीह, कमजोर तथा क्षमताहीन रूपमा मूल्याङ्कन गरी किनारीकृत गरेका छन् । विभेदकारी सामाजिक संरचनाद्वारा नै महिला लैङ्गिक रूपमा सीमान्तीकृत बनाइएका हुन्छन् भन्ने कुरा माथिको कथांशबाट प्रमाणित भएको छ ।

पितृसत्तात्मक सामन्ती संरचनाकै कारण समाजमा नारीहरू शोषित भएका, उनीहरूले आफूमाथि भएको शोषणका विरुद्ध आवाज उठाउन नसकेका तथ्यहरूलाई कथाले प्रस्तुत गरेको छ । यसमा घरबारविहीन बेवारिसे महिला मात्र पुरुषद्वारा लुटिएका छैनन्, घरभित्रै पनि महिला बलात्कृत भएका छन् तर त्यसको विरुद्ध उनीहरूले आवाज उठाउन सकेका छैनन् । दमनकारी सामन्ती समाजमा महिला सहमति तथा जवर्जस्ती जुनसुकै तरिकाबाट पनि पुरुषबाट शोषित भई सीमान्तीकृत बन्न बाध्य हुन्छन् । यसमा पनि नारीको अवस्था त्यस्तै देखिन्छ । पितृसत्ताको दबदबाका कारण नारीलाई जुनसुकै ठाउँमा सीमान्तीकृत बनाइएको हुन्छ भन्ने कुरालाई पुष्टि गर्न निम्नलिखित साक्ष्य प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

> चार दिवारी र एउटा गजबार भएको ढोका मेरो पनि भए, मैले पनि जानेकी थिएँ मेरो मासु सित्थैँमा लुट्न आउनेहरूलाई गजबार नखोलेर बाहिर विचलित पार्न । म राती सधैँ ढोका लगाएर मौजसँग सुत्थेँ तर भित्र पनि उस्तै त होला मान्छेले जानेकै के छ र ? तर होइन घरभित्र भए मलाई लुट्न आउनेहरू मेरो हत्केलामा केही दाम राखिदिने थिए, कि दुई छाक खान दिन्थे । सबैले त्यसै गरेका छन्, स्वास्नीहरूलाई दिउँसो खान दिन्छन् राती लुट्छन् । पर्खालभित्र कसले देख्छ र ? (पृ. ३५)

घरबाहिर मात्र होइन, घरभित्र पनि नारी यौनहिंसाको सिकार भएका छन् भन्ने तथ्य माथिको उदाहरणबाट प्रकट भएको छ । पुरुषहरूले महिलालाई जुनसुकै नीति अपनाएर भए पनि आफ्नो अनुकूल प्रयोग गरेका हुन्छन् । फरक यति हो, कसैले सहमतिमा त कसैले जवर्जस्ती गरेर उनीहरूलाई वासनातृप्तिको साधन बनाएका हुन्छन् । यस कथामा पनि बाहिर बेवारिसे भएर हिँड्ने लाटी मात्र पुरुषहरूबाट लुटिएकी छैन । घरभित्र श्रीमान्सँगै हुने नारीहरू पनि लुटिएका छन् भन्ने उदाहरण प्रस्तुत गरेर महिला कतै पनि सुरक्षित हुन नसकेको अवस्थालाई उद्घाटन गरिएको छ । कथामा नारीले लैङ्गिक रूपमा सामाजिक न्याय प्राप्त गर्न नसकेकाले सीमान्तीकृत हुनुपरेको देखिन्छ । यसरी सीमान्तीकृत हुनुको मुख्य कारणहरू पितृसत्ताको प्रभाव र समाजमा भएको लैङ्गिक विभेदपूर्ण सोच मुख्य जिम्मेवार ठहर्छन् ।

समाजमा महिला बलात्कृत हुने, बलात्कृत महिला गर्भवती भएपछि समाजले उसलाई नै दोषी ठहऱ्याउने तथा बलत्कार गर्ने पुरुष चाहिँ भेष बदल्न सक्ने भएकाले ऊ सधैँ निर्दोष ठहरिने सामाजिक परम्पराका कारण सदियौँदेखि महिला सीमान्तीकृत हुनुपरिरहेको अवस्था देखिन्छ । महिलाले बलत्कारबाट बसेको गर्भलाई लुकाउन बच्चा जन्माएर कतै फाल्नुपर्ने परिस्थितिलाई कथामा यसरी प्रस्तुत गरिएको छ : घर बाहिरै फालेको होला कुनै कुमारी आमाले यसको लाटो अस्तित्वलाई पनि (पृ. ३३) । जवर्जस्तिमा बसेको गर्भ लुकाउन बाध्य कुमारी आमाले त्यस लाटीलाई घरबाहिरै जन्माएर फालेको सङ्केत माथिको साक्ष्यबाट प्रकट भएको छ । पुरुषवादी सामन्ती संरचना विद्यमान् समाजमा पुरुषले महिलालाई आफू अनुकूल प्रयोग गर्न सक्ने वातावरण समाजले नै निर्माण गरिदिने भएकाले महिला सधैँ उत्पीडित हुनुपरेको प्रसङ्ग कथामा उल्लेख भएको छ । कथामा लाटी मात्र होइन, उसकी आमा पनि उत्पीडनमा परेको देखिन्छ । यसरी कथामा प्रयुक्त सबै नारी पात्र कुनै न कुनै रूपमा पुरुषबाट हिंसामा परेका देखिन्छन् तर ती कसैले पनि शोषणका विरुद्ध प्रतिरोध गर्न सकेका छैनन् । सामाजिक संरचनामा प्रभुत्वशाली रहेका पुरुष मानसिकता र त्यसले निर्माण गरेका सङ्कथनहरूका कारण कथामा महिलाहरू सीमान्तीकृत बनाइएका वा त्यस अवस्थामा पुऱ्याइएका छन् । समाजमा सीमान्तीकृत भएर बाँचेका तिनै महिलाहरूको पीडालाई कथामा प्रस्तुत गरिएको छ । सदियौँदेखि दबिएर रहेका नारीको हृदयस्पर्शी गाथा सुनाएर यस कथामा कथाकार पारिजातले यस्तो दमनकारी संस्कृतिको अन्त्य हुनुपर्ने सङ्केत गरेकी छन् ।

कथाकार पारिजातको प्रस्तुत तिउरीको फूल, पायरियाको गन्ध कथा सीमान्तीकृत समुदायका समस्यामा केन्द्रित कथा हो । विभेदकारी सामाजिक संरचनाका कारण लैङ्गिक र वर्गीय रूपमा सीमान्तीकृत बनाइएकी कथाकी नायिका लाटीको माध्यमबाट स्थापित पुरातन मूल्यमान्यतामा परिवर्तन हुनुपर्ने आशय व्यक्त गरिएको देखिन्छ । सीमान्तीकृतको स्वतन्त्रता र हकअधिकारका विषयमा लेखकीय दृष्टि तत्कालीन सामाजिक यर्थाथभन्दा भिन्न रहेको छ । यसलाई पुष्टि गर्न निम्नलिखित सन्दर्भ प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ : मेरो पनि घर भए मलाई मान्छेहरूले रातभरि दुःख दिने थिएनन् (पृ. ३४) । यहाँ नारी उत्पीडनका विरुद्ध प्रतिकात्मक रूपमा आवाज उठाइएको देखिन्छ । पितृसत्ताका आडमा पुरुष वर्गले आफूलाई ठूलो र शक्तिशाली ठानेर सम्पूर्ण आर्थिक अधिकार आफूले लिने, नारीलाई आफ्नो अधीनमा राख्न सामाजिक, सांस्कृतिक मूल्यहरू आफ्नो अनुकूल हुने गरी बनाउने र त्यसैका आडमा नारीमाथि शासन गरी नारीलाई विविध रूपमा सीमान्तीकृत बनाउने विभेदकारी सामाजिक संरचनाप्रति असहमति प्रकट गरिएको छ । आर्थिक निर्णयमा पुरुषको वर्चस्व कायम रहने विभेदकारी अर्थव्यवस्थाका कारण प्रस्तुत कथाकी नायिका लाटी घरबारविहीन भएर सडकलाई नै आश्रयस्थल बनाउन बाध्य भएकी र सडकसडक भौतारिएर हिँड्नुपर्दा ऊ पुरुषहरूको उपभोगको सामग्री बनाइएकीले त्यस्तो विभेदकारी सामन्ती संरचनाको अन्त्य हुनुपर्ने आशय लेखिकाको देखिन्छ ।

## निष्कर्ष

पारिजातद्वारा लिखित तिउरीको फूल, पायरियाको गन्ध कथा समाजले यथोचित सम्मान दिन नसकेको र किनारामा पारिएका नारी जातिको जीवनको जटिलताहरूको मार्मिक प्रस्तुति हो । यस लेखमा प्रस्तुत कथालाई सबाल्टर्न सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । त्यसका लागि सबाल्टर्न वर्गको वर्गीय र लैङ्गिक अवस्थाका कोणहरूलाई विश्लेषणको प्रमुख आधार बनाइएको छ । गाँस, बाँस र कपासको अभावमा जीवन धान्न अत्यन्त विकराल समस्यामा परेकी लाटी, कुमारी अवस्थामा नै बच्चा जन्माएर फाल्न बाध्य भएकी उसकी आमा तथा घरभित्रै श्रीमान्हरूबाट लुटिन विवश अन्य नारीहरू वर्गीय र लैङ्गिक दृष्टिले सबाल्टर्न पात्र हुन् । उनीहरू पुरुषसत्तात्मक सामन्ती संरचना र पुँजीवादी अर्थव्यवस्थाका कारण समाजमा किनाराकृत हुन बाध्य भएका छन् । घरबारविहीन सडकमा फालिएकी यस कथाकी नायिका लाटी मात्र होइन, घरभित्रका नारीहरू पनि पुरुषका उपभोगका सामग्री बनाइनुले पितृसत्तात्मक सामाजिक संरचना र विभेदकारी आर्थिक अवस्थाले नै नारी सीमान्तीकृत बनाइएका हुन् भन्ने निष्कर्ष प्राप्त भएको छ । नारीलाई हरेक स्थानमा विभेद गरिएको छ र उत्पीडनमा पारिएको छ । कथामा पुरुषहरू प्रभुत्वशाली र नारीहरू सीमान्तीकृतका रूपमा रहेका र पुरुषले नारीलाई भोगविलासको साधनका रूपमा प्रयोग गरेको देखिन्छ । पितृसत्ताका कारण तल्लो वर्गले व्यहोर्नु परेको पीडा पनि कथामा सशक्त रूपमा उत्रिएको छ । समाजमा महिला कसरी आफ्नै पति (पुरुष) तथा अन्य (परपुरुष) बाट सामाजिक तथा यौनिक रूपमा शोषित भई सीमान्तीकृत हुनुपरिरहेको छ भन्ने कुरा कथाका नारी पात्रहरूको माध्यमबाट उद्घाटित भएको छ । कथाभित्रको कथ्यले तत्कालीन नेपाली समाजमा पुरुष निरङ्कुशता र हैकमवादले नारीहरू उत्पीडनमा परी सीमान्तीकृत बनाइएका र उनीहरूका पीडा र वेदनाको चित्कार नेपाली समाजले नसुनेको वास्तविकता खुलस्त पारेको छ । टुरिस्ट गाइड, सरकारी कर्मचारी तथा शान्ति सुरक्षाका लागि राज्यले खटाएका पुलिस प्रशासनबाट नै कथाकी प्रमुख नारी पात्र बलात्कृत हुनुले पुरुषसत्तात्मक सामाजिक संरचना नै विभेदकारी भएको निष्कर्ष प्राप्त भएको छ । साथै पितृसत्तात्मक सामन्ती संरचनाद्वारा उपेक्षित भई सीमान्तीकृत बनाइएकी लाटीलाई नायिका बनाएर कथा सृजना गरिएकाले यस कथामा कथाकार पारिजातले सदियौँदेखि दबिएर रहेका सीमान्तीकृतका पक्षमा आवाज उठाउँदै समाज परिवर्तनको सशक्त चेतना पनि व्यक्त गरेकी छन् ।

## सन्दर्भ सामग्रीसूची

उप्रेती, सञ्जीव (२०६८). सिद्धान्तका कुरा. काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

चापागाईं, निनु (२०७३). पूर्ववाद र सइदेली विचार. ललितपुर : साझा प्रकाशन ।

ग्राम्ची, अन्तोनियो (१९७१, इबि १९९९). सेलेक्सन्स फ्रम दि प्रिजन नोटबुक्स (सम्पा. तथा अनु.) क्वेन्टिन होरे र जिओफ्री नोवेल स्मिथ. लण्डन : लरेन्स एन्ड विसहर्ट ।

पारिजात (२०७२). मैले नजन्माएको छोरो. काठमाडौँ : फिनिक्स बुक्स ।

बराल, ऋषिराज (२०७३). मार्क्सवाद र सबाल्टर्न अध्ययन. ललितपुर : साझा प्रकाशन ।

लामा, कविता (सन् २०१७). कविता डिस्कोर्स. खर्साङ : माया प्रकाशन ।

शर्मा, मोहनराज (२०७०). अवरजन अध्ययन र साहित्य. भृकुटी, (सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९), पृ. ३१४-३२० ।

सुब्बा, मनप्रसाद र थापा, रेमिका(सम्पा.) (सन् २०११). किनारा विमर्श. दार्जिलिङ : गामा प्रकाशन ।

सुवेदी, अभि (२०६८). सबाल्टर्न इतिहास र बोली (भूमिका). तारालाल श्रेष्ठकृत शक्ति, स्रष्टा र सबाल्टर्न. पृ. xvii-xxvii .